# मण्डलीहरूले के गर्छन्



What churches do
CL4340
Nepali

# मण्डलीहरूले के गर्छन्

*What Churches Do*

लेखकः रबर्ट र इवेलिन बोल्टन

अनुवादकः बाल कृष्ण शर्मा

---

आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाडौं नेपाल

प्रकाशक

आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाण्डौ, नेपाल।

© १९९८ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल।

प्रति २,०००

Published by:
ICI University
P. O. Box 4245
Kathmandu, Nepal

What Churches Do
First Edition 1998

# विषय सूची


पाठ पृष्ठ

आउनुहोस् सबैभन्दा पहिले कुराकानी गरौं ................ ५

१. मण्डलीहरूले परमेश्वरलाई आराधना गर्छन् ........... १०

२. मण्डलीहरू पवित्र आत्माको अधीनमा रहन्छन् ........ २८

३. मण्डलीहरूले वचन प्रचार गर्छन् ....................... ४४

४. मण्डलीहरूले सत्यता सिकाउँछन् ...................... ५६

५. मण्डलीहरूले विश्वासीहरूलाई बप्तिस्मा दिन्छन् ...... ७२

६. मण्डलीहरूले प्रभुको मृत्युको स्मरण गर्छन् ........... ८८

७. मण्डलीहरूले सङ्गति उपलब्ध गरिदिन्छन् ............१०२

८. मण्डलीहरूले उत्सव मनाउँछन् ........................११६

९. मण्डलीहरू वृद्धि हुन्छन् ..................................१३२

१०. मण्डलीहरूले मानिसहरूलाई सेवा पुऱ्याउँछन् ........१४८

# आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं

**तपाईंको अध्ययन सहयोगी लेखकहरूका तर्फबाट दुइ शब्द**

मण्डली (एकलेसिया)-हरू केको निम्ति रहेका छन्, र किन मानिसहरू मण्डली (चर्च)-मा जान्छन् भन्ने कुरामा के तपाईं कहिल्यै अचम्ममा पर्नुभएको छ? *बप्तिस्मा लिनु, प्रभु-भोज लिनु,* र *बाल-बालिकाहरूलाई अर्पण गर्नु* भनेको वास्तविक अर्थ के होला? हुन सक्छ, कोही व्यक्तिले यसो भनेको पनि तपाईंले सुन्नुभएको होला, "के म मण्डली (चर्च) म जानु नै पर्छ र? के म परमेश्वरलाई म भएकै ठाउँमा वा मेरो घरमा नै आराधना गर्न सक्दिनँ र?" तपाईंले के जवाफ दिनुहुन्छ?

तपाईंले नियमित रूपमा वा कहिलेकहीँ मात्र मण्डली सेवाहरूमा भाग लिनुभएको होला वा तपाईं कहिल्यै पनि मण्डलीभित्र प्रवेश गर्नुभएको छैन होला। यस पाठले तपाईंलाई मण्डली सेवामा भाग लिने इच्छा जगाउनेछ। हामी नयाँ विश्वासी मरियम र तिनका सङ्गी तिमोथीका अनुभवहरूलाई विचार गर्नेछौं। एकलेसियाका सदस्य तिमोथी मरियमका प्रश्नहरूका कारण आत्मिक कुराहरूमा एक्कासि नयाँ चासोहरू राख्न थाल्छन्।

सजिलैसँग सिक्नका लागि यस स्वयम्-शिक्षण प्रणालीले तपाईंलाई सहायता पुर्‍याउनेछ। मण्डलीमा गरिएका कामलाई

तपाईंले अझै राम्रोसँग बुझ्नुहुँदा, तपाईं अझै अर्थपूर्ण प्रकारले यसमा भाग लिन सक्नुहुनेछ। तब तपाईंले अझ धेरै आशिष् मात्र *प्राप्त* गर्नुहुन्न तर अरूहरूका निम्ति पनि ठूलो आशिषित बन्नुहुनेछ।

## तपाईंको अध्ययन सहयोगी

*मण्डलीहरूले के गर्छन्* भनिने यो पुस्तक पाकेट साइजको भएको हुनाले तपाईं जहाँ जानुहुँदा पनि यसलाई साथमा लगेर फुर्सदको समयमा अध्ययन गर्न सक्नुहुन्छ। यस पुस्तकलाई अध्ययन गर्नको निम्ति हरेक दिन केही समय छुट्ट्याउनुहोस्।

प्रत्येक पाठको शुरूमा नै मुख्य *उद्देश्यहरू* दिइएका छन्। *उद्देश्य* शब्दले पाठबाट तपाईंले के सिक्ने आशा राख्नुभएको छ, सो कुरा बताउँछ। एक उद्देश्य कुनै लक्ष्य हो र तपाईंले यी *उद्देश्यहरूलाई* आफ्नो मनमा राख्नुभयो भने अझै राम्रोसँग अध्ययन गर्न सक्नुहुनेछ।

प्रत्येक पाठका शुरूका दुइ पृष्ठहरूलाई बड़ो ध्यानपूर्वक अध्ययन गर्नुहोस्। आउने कुराहरूका निम्ति यसले तपाईंको मनलाई तयारी पार्छ। त्यसपछि पाठलाई खण्ड-खण्ड गरी अध्ययन गर्नुहोस् र *तपाईंको अभ्यासको निम्ति* भनी राखिएको शीर्षकका निर्देशनहरूलाई पालन गर्नुहोस्। यदि तपाईंको अध्ययन सहायक पुस्तिकामा अध्ययन प्रश्नहरूका उत्तरहरू लेख्ने पर्याप्त ठाउँ छैन भने तिनीहरूलाई आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् र यसरी पछि पाठलाई दोहोर्‍याउँदा तपाईं यसलाई फेरि हेर्न सक्नुहुन्छ। यदि तपाईंले यस पाठ्यक्रमलाई समूहसँग मिलेर अध्ययन गर्नुभएको छ भने, तपाईंको समूहका अगुवाको निर्देशन पालन गर्नुहोस्।

**अध्ययन प्रश्नहरूलाई कसरी उत्तर दिने**

यस अध्ययन पुस्तिका सहायकमा विभिन्न किसिमका अध्ययन प्रश्नहरू समावेश गरिएका छन्। तल विभिन्न उदाहरणसहित कसरी उत्तर दिनुपर्छ सो उल्लेख गरिएको छ।

**ठीक उत्तर** चुन्नुपर्ने प्रश्नले तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

*ठीक उत्तर चुन्ने प्रश्नको उदाहरण*

**१** बाइबलमा कतिवटा पुस्तकहरू छन्?

**क.** १०० पुस्तकहरू
**ख.** ६६ पुस्तकहरू
**ग.** २७ पुस्तकहरू

ठीक उत्तरचाहिँ ६६-*वटा पुस्तकहरू* हो। यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहायक पुस्तिकामा ख-को वरिपरि घेरा लगाउनुहोस्।

**१** बाइबलमा कतिवटा पुस्तकहरू छन्?

**क.** १०० पुस्तकहरू
**(ख)** ६६ पुस्तकहरू
**ग.** २७ पुस्तकहरू

(कुनै-कुनै ठीक उत्तर चुन्ने प्रश्नमा एकभन्दा बढ़ी उत्तरहरू ठीक हुन सक्छन्। यदि यस्तो हो भने ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।)

**ठीक-बेठीक** प्रश्नले तपाईंलाई दिइएका वाक्यहरूबाट कुन-कुन ठीक हुन् सो छान्न लगाउँछ।

*ठीक-बेठीक प्रश्नको उदाहरण*

**२** तल दिइएका कुन-कुन बयानहरू **ठीक** छन्?

**क**. बाइबलमा जम्मा १२०-वटा पुस्तकहरू छन्।

**ख** बाइबल आजका विश्वासीहरूका निम्ति परमेश्वरको सन्देश हो।

**ग**. बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे।

**घ** बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो।

माथि दिइएका बयानहरूमध्ये **ख** र **घ** ठीक छन्। माथि देख्नुभएजस्तै तपाईंले छान्नुभएका दुइ अक्षरहरूमा घेरा लगाउनुहोस्।

**जोड़ा मिलाउने** प्रश्नले तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ। जस्तैः नामहरूसँग वर्णन अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोड़ा मिलाउन सकिन्छ।

*जोड़ा मिलाउने प्रश्नको उदाहरण*

**३** प्रत्येक बयानको अगाड़ि अगुवाले गरेको कामको वर्णनमा उसको संख्या लेख्नुहोस्।

..१.. **क**. सीनै पर्वतमा व्यवस्था पाएको — १) मोशा

..२.. **ख**. इस्राएलीहरूलाई यर्दन नदी पार गराएको — २) यहोशू

..२.. **ग**. यरीहो शहरको वरिपरि घुमेको

..१. **घ**. फारो राजाको दरबारमा बसेको

**क** र **घ**-मा दिइएको बयान *मोशाको* जीवनसँग र **ख** र ग.-मा भएको बयान *यहोशूसँग* मिल्छ। माथि देखाएजस्तै तपाईंले १. संख्या **क** र **घ**-को अगाड़ि र २. संख्या **ख** र **ग**-को अगाड़ि लेख्न सक्नुहुन्छ।

**तपाईंको विद्यार्थी प्रतिवेदन**

यदि तपाईंले प्रमाणपत्र प्राप्त गर्नको निम्ति अध्ययन गरिरहनुभएको छ भने, तपाईंले *विद्यार्थी प्रतिवेदन प्रश्न पुस्तिका* भन्ने छुट्टै पुस्तिका पाउनुभएको होला। यस पुस्तिकामा दुइ खण्डहरू छन्। प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भनी तपाईंको अध्ययन सहयोगी पुस्तिकाले बताउँछ।

आई सी आई कार्यालयमा पठाउनको निम्ति दिइएको स्थानीय ठेगानाको प्रयोग गर्नुहोस्। यस पाठको समाप्तिमा तपाईंलाई सुन्दर प्रमाणपत्र पठाइनेछ।

**लेखकका बारेमा**

रबर्ट र इवेलिन बोल्टनले मिशनरी पृष्ठभूमिबाट यस पाठ्यपुस्तकलाई लेख्नुभएको छ।

रबर्ट बोल्टन आफ्ना मिशनरी आमा-बाबुबाट चीन देशमा जन्मनुभएको थियो। उहाँ र उहाँकी श्रीमतीले चीन, बर्मा, बङ्गलादेश र जमाइकामा ३७ वर्षसम्म मण्डलीहरू स्थापित गर्ने कामहरू गर्नुभयो। इवेलिनका आमा-बाबुले पनि अफ्रिकामा प्रभुको सेवा गर्नुभएको थियो। उहाँहरू दुवैले विभिन्न बाइबल कलेजहरूमा अध्ययन गर्नुभएको छ।